# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३७) काठमाडौं, माघ ११ गते २०४४ साल (संख्या ४०

## भाग ३

### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको
### सूचना १

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी रेडियो नेपालले स्टुडियो तथा ट्रान्समिटरको लागि आ.व. २०४४।४५ मा आयात गर्ने निम्नबमोजिमको आवश्यक जगेडा पार्टपूर्जाहरूको पैठारीमा लाग्ने साधारण भन्सार महसुल ५ प्रतिशत मात्र लाग्ने गरी आंशिक छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

सामानको विवरण

(क) स्टुडियो उपकरण

१. टेप रेकर्डरहरू र पार्टपूर्जा
२. स्पिकर माइक्रोफोन तथा एम्पलिफायर आदि र पार्टपूर्जा
३. अउडियो रिल तथा क्यासेट टेपहरू

(ख) ट्रान्समिटर उपकरण

१. ट्रान्समिटर भी.एच.एफ., यू.एच. एफ. प्रोग्राम तथा कम्यूनिकेशन लिंक र त्यसको पार्टपूर्जा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

222